नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३
www.newsofnepal.com

अर्पण र आर्यालाई उपाधि

एसईईको परिणामको प्रतीक्षामा रहेका किशोर किशोरीलाई लक्षित गर्दै राजधानीमा आयोजना गरिएको सौन्दर्य प्रतियोगितामा अर्पण राईले *मिस्टर एसईई अफ द इयर*को उपाधि चुम्दै *म्युअर्स च्वाइस* र *मस्ट टयालेन्ट*को उपउपाधिलाई आफ्नो बनाएका छन् भने आर्या पुडासैनीले *मिस एसईई अफ द इयर*को उपाधि चुम्दै *मस्ट क्रियटिभ* उपउपाधि आफ्नो बनाएकी छिन्।

रिबन इन्टरटेनमेन्टद्वारा राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न यस वर्षको *मिस्टर एन्ड मिस एसईई अफ द इयर-२०१८* अन्तर्गत *मिस्टर एसईई अफ द इयर*मा अदिक कार्की *फस्ट रनर्सअप* र *बेस्ट च्याम्पवाक* र *मस्ट ह्यान्डसम* तथा अनुराग कार्की *सेकेन्ड रनर्सअप*का साथमा *मस्ट पपुलर* र *बेस्ट सिंगर* भएका छन्।

श्रद्धा खरेलको कार्यक्रम संयोजन तथा अश्विनी झाको कोरियोग्राफी र कार्यक्रम सञ्चालनमा भएको प्रतियोगितामा सुजन खुलाल *मस्ट डिसिप्लिन*, कञ्चन खत्री *बेस्ट फिजिक*, नयन मगर *मस्ट एक्टिभ*, आशीष श्रेष्ठ *युथ विथ रेस्पोन्सबिलिटी*, प्रशान्त भण्डारी *मस्ट फ्रेन्डली*, उत्सव खतिवडा *बेस्ट डान्सर*, विनम्र राउत *बेस्ट पर्सनालिटी*, मेलिन राज पन्त *मस्ट क्रियटिभ*, सोनम खड्का *मेनेजमेन्ट च्वाइस*, सन्दीप श्रेष्ठ *मस्ट डिजर्भिङ*, कुमोद कार्तियन बडु *फेसबुक च्वाइस* र *मस्ट फोटोजेनिक* तथा प्रनिस मगराती *सोसल वेलफेयर एम्बेस्डर* छानिएका छन्।

अभिनेता विष्णु रिजाल, गायक, संगीतकार तथा अभिनेता एसकुमार, गायक तथा गीतकार सीताराम पोखरेल, मिसेस नेपाल इन्टरनेसनल-२०१८ सुरुची पाण्डे, शिक्षासेवी पंकज जलन र संगीतकर्मी तथा अध्यापक सरोज प्याकुरेल निर्णायक रहेको प्रतियोगिताअन्तर्गतको *मिस एसईई अफ द इयर*तर्फ मुनस्टोन आचार्य *फस्ट रनर्सअप*का साथमा *बेस्ट स्किन*, अपेक्षा लुईंटेल *सेकन्ड रनर्सअप*का साथमा *बेस्ट स्पिच*, नेहा केसी *थर्ड रनर्सअप*का साथमा *मिस टयालेन्ट* तथा सविना शर्मा *मस्ट पपुलर*का साथमा *फेसबुक च्वाइस* र *बेस्ट पर्सनालिटी* चुनिए। त्यसै गरी सलिसा श्रेष्ठ *म्युअर्स च्वाइस*, अनीषा थापा *मस्ट डिसिप्लिन*, प्रिया न्यौपाने *मस्ट फोटोजेनिक* र *बेस्ट वाक*, सुजा खरेल *बेस्ट डान्सर*, आराध्या साह *बेस्ट हेयर*, चन्दा श्रेष्ठ *बेस्ट सिंगर*, आश्मा

थपलिया *फेसन आइकन*, स्वस्तिका न्यौपाने *मस्ट फ्रन्डली* र *मस्ट चार्मिङ*, आरती सिंह *ब्युटी विथ पर्पस*, ईशा कर्ण *सोसल वेलफेर एम्बेस्डर*, विनीषा शर्मा *बेस्ट स्माइल* र रितिका खड्का *बेस्ट फिजिक* चुनिए।

प्रतियोगिताको आयोजक रिबन इन्टरटेनमेन्टका अध्यक्ष निशुकान्त झाले एसईईका विद्यार्थीको व्यक्तित्व र आत्मविश्वास विकासका लागि यो प्रतियोगिता वर्षेनी आयोजना गर्दै आएको बताए।

धरहरा

उम्किएला भाले

मासुका पारखीले लोकल कुखुरा मन नपराउने कुरै भएन। त्यसमा पनि लोकल भाले, आहा ! भाले त पहिलो नम्बरमै पर्छ। लोकल भनेपछि मरिहत्ते गर्ने अनि भालेका लागि दिल खोलेर खर्च गर्ने नेपाली पारखीको संख्या बाक्लै छ।

कुखुरामात्रै होइन शहरमा भाले उनहरूको पनि ठूलै डिमान्ड छ। शहरका धेरै भालेमध्येको एउटा भाले खोरमा थुनिएको छ। लोकल कुखुरा, अन्य रोजाइका खुराक र सोमरस जुटाउन राम्रै पखेटा फिजाउन सक्ने 'भाले' बिहीबार खोरमा थुनिएको हो। काठमाडौंको ठमेल क्षेत्रबाट भाले भनिने दिनेश लामालाई प्रहरीले पक्राउ गरेको हो।

सोझै भन्नुपर्दा ठमेलका व्यवसायीलाई धम्क्याएर हप्ता असुली गरेको उजुरीको आधारमा प्रहरीले भालेलाई पक्राउ परेको हो। महानगरीय प्रहरी वृत्त, सोह्रखुट्टेको हिरासतमा राखेर ऊमाथि सार्वजनिक मुद्दामा म्याद थप गरेर विस्तृत अनुसन्धान थालिएको प्रहरीले जनाएको छ। निकै खाइलाग्दो र हृष्टपुष्ट बनेको भाले राख्ने खोर कस्तो छ?, खोरको चाबी को-कोसँग छ?, खोर कमजोर छ भने भाले सुटुक्क उम्किने पो हो कि? भन्नेबारेमा धरहरालाई निकै खुलदुली जाग्या छ।

यसअघि हातहतियारसम्बन्धी विषयमा पक्राउ परेको भाले सकुशल मुक्त भएर निर्धक्क पखेटा फिजाउने भएसी खुलदुली लाग्नु स्वाभाविक हो, भाले अब कहिले उम्किन्छ? भन्ने विषयमा धरहरालाई मात्र होइन, पाठकवृन्दलाई पनि उत्तिकै खुलदुली लाग्या हुनुपर्छ।

प्रेममा रोमियो र मुना

पूर्वनेपाल सुन्दरी सृष्टी श्रेष्ठ र अभिनेता विनय श्रेष्ठ लिड रोलमा रहेको लभस्टोरी फिल्म *रोमियो एन्ड मुना*को ट्रेलर सार्वजनिक गरिएको छ।

फिल्मका महत्त्वपूर्ण दृश्य समेटिएको ट्रेलरमा विनय र सृष्टीका साथमा एनिमेसनबाट तयार गरिएको राक्षसी रूपसमेत देखिएको छ। ट्रेलरमा रोमान्स, प्रेम, पीडा, एक्सन दृश्यका साथमा कौतूहलता जगाउने दृश्य छन्।

आगामी साउन ११ गतेदेखि अल नेपाल रिलिजमा आउने फिल्मको *तिम्रै लागि हो* बोलको एक रोमान्टिक गीत हालैमात्र छायांकन गरिएको छ।

डाइड क्यान्डल निर्देशक नरेशकुमार केसीको निर्देशनमा प्रशन्न गोपालीले निर्माण गरेको फिल्ममा विनय र सृष्टीका साथमा सुष्मा कार्की, सुरक्षा पन्त, प्रज्ज्वल सुजल गिरीलगायतले अभिनय गरेका छन्।

रोजीको शीर्षक फेर्न माग

निर्माणाधीन फिल्म *रोजी*को विवादमाथि भएको छलफलमा १ महिनापछि सम्पादनमै फिल्म हेर्ने हेराउने सहमति भएको छ।

*रोजी*को निर्माण संस्था र रोजीको परिवार तथा ज्यापु समुदायबीच बुधबार चलचित्र विकास बोर्डमा भएको वार्तामा निष्कर्षमा रोजी परिवारले फिल्मको शीर्षक नै परिवर्तन गर्नुपर्ने अडान राखेपछि १ महिनापछि फिल्म हेर्ने र हेराउने सहमति भएको हो। फिल्म *रोजी* करिब ७ वर्षअगाडि भएको रोजी महर्जन हत्याकाण्डमा आधारित कथावस्तु भएको भन्दै रोजी परिवारले चलचित्र विकास बोर्डमा त्यसको निर्माण नै रोकिदिन आग्रह गरेको थियो।

वार्तामा रोजीका बुबाआमा तथा ज्यापु समुदायका प्रतिनिधिले फिल्मको शीर्षकप्रति आपत्ति प्रकट गरेपछि निर्माता तथा निर्देशक निरक पौडेलले छायांकन रोकिँदा लाखौंको नोक्सानी भएकाले सुचारु गर्न दिन आग्रह गरेका थिए। वार्ताका क्रममा रोजीको परिवारले छायांकन सुचारु गर्न दिने तर नाम परिवर्तन गर्नुपर्नेमा जोड दिएका थिए। *रोजी* गोपीकृष्ण मुभिज प्रालिको ब्यानरमा निर्माण भइरहेको छ। प्रदीप खड्का, पारमिता राज्यलक्ष्मी राणालगायतले यसमा अभिनय गरेका छन्।

गोदार डान्स कम्पिटिसन गराउँदै

नृत्य निर्देशक महेश गोदारले एसईईका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्थासमेत गर्दै डान्स कम्पिटिसन गराउने भएका छन्। गोदार आफ्नो नृत्य प्रशिक्षणशाला बज्रयोगिनी डान्स एन्ड म्युजिक एकेडेमीबाट एसईई डान्स कम्पिटिसन-२०१८ गर्न लागेका हुन्।

यसको अन्तिम स्पर्धाका लागि १६ जना प्रतिस्पर्धी छानिएका छन्। अन्तिम स्पर्धाका लागि छात्रतर्फ न्यु भिजन एकेडेमीका प्रवेश खड्का, श्री ज्ञानोदय माविका अनुराज शाक्य, समता शिक्षा निकेतनका ईश्वर लामा, दावन चिल्ड्रेन इडलिस स्कुलका विवेक थापा मगर र महेन्द्र सेकेन्डरी स्कुलका सुरेन्द्र सेढाई छानिएका छन्। त्यसैगरी छात्रातर्फ प्राक्सिस इन्टरनेसनल स्कुलकी सरिता सिग्देल, एकता जेम्स एकेडेमीकी सारा दर्नाल, जोन एकेडेमीकी स्वस्थानी तामाङ, डेफोडिएल पब्लिक स्कुलकी सुदीक्षा दाहाल, जुगल

इडलिस मिडियम एकेडेमीकी मनिता चौलागाईं, डायमन्ड एकेडेमीकी समृद्धि पाण्डे, श्रीकुमारी सेकेन्डरी स्कुलकी दीपिका तामाङ, इस्ट पोल हायर सेकेन्डरी स्कुलकी स्वस्तिका बस्नेत, त्रिभुवन हाइयर सेकेन्डरी स्कुलकी स्वेता श्रेष्ठ, कञ्चनजंघा एकेडेमीकी अन्जना गुरुङ र माण्डु एकेडेमीकी मनीषा खाति रहेका छन्।

आगामी असार २३ गते राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा हुने अन्तिम प्रतिस्पर्धाका लागि देशभरबाट ५ सयभन्दा बढीले भाग लिएको र तीमध्येबाट मेगा राउन्डका लागि ३४ जना छानिएको गोदारले बताए। मेगा राउन्डको निर्णायकमा *छमछमी सिजन-२* साजन तामाङ, *छमछमी सिजन-३* विजेता सरोज प्रजा र नृत्य निर्देशक प्रेम श्रेष्ठ रहेका थिए भने अन्तिम प्रतिस्पर्धामा *छमछमी सिजन-१* का अनुजा अग्रवाल पनि हुनेछन्।

कार्यक्रमको कन्सेप्ट डाइरेक्टर तथा मुख्य निर्णायक डान्स कोरियोग्राफर महेश गोदार हुन्। प्रतियोगितामा प्रथम हुनेलाई ५० हजार, द्वितीयलाई ३० हजार र तृतीयलाई २० हजार रुपियाँ पुरस्कार प्रदान गरिने गोदारले जानकारी गराए। प्रतियोगिताका विजयी ११ जनालाई कक्षा १२ सम्म तथा २ जनालाई ब्याचलरसम्म गरी कुल १३ जनालाई पूर्ण छात्रवृत्तिको व्यवस्था गरिएको पनि उनले जानकारी गराए। उत्कृष्ट ५ जनाले राष्ट्रिय नाचघरमा ६ महिना नृत्य प्रशिक्षणमा छात्रवृत्ति पाउने बज्रयोगिनी डान्स एन्ड म्युजिक एकेडेमीका सञ्चालकसमेत रहेका महेश गोदारले बताए।

कलकत्तामा नेपाली उपियाँको निबन्ध



भारतको कलकत्ता इन्टरनेसनल चिल्ड्रेन थिएटर फेस्टिभलमा नेपालको तर्फबाट नाटक *उपियाँको निबन्ध* मञ्चन गरिएको छ।

कलकत्ताका रंगकर्मी, कलाकर्मी, राजनीतिज्ञ तथा नेपाली समुदायसहितको समारोहबीच फेस्टिभलमा नाटक मञ्चन भएको हो। नाटक थिएटर मल, प्रेरणा विद्याश्रम हरिसिद्धि र थिएटर सेन्टर फर चिल्ड्रेन (टीसीसी नेपाल) ले संयुक्तरूपमा तयार पारेको हो। कलकत्ताका लागि नेपाली महावाणिज्य दूत एक अर्यालले कलकत्ताको महोत्सवमा नेपाली नाटक मञ्चन हुनु कलकत्ताबासी नेपालीका लागि लागि गर्वको विषय बनेको उल्लेख गरेका थिए।

नाटक *उपियाँको निबन्ध* स्कुलको परिवेशमा बालबालिका र शिक्षकबीचको सम्बन्धको कथामा तयार पारिएको थियो। परम्परागत शिक्षकको दबाब, आक्रोश र त्रासकाबीच एक बालकले अवोधरूपमा गरेको चतुर्‍याईंलाई बालमनोविज्ञानको ऐनामार्फत देखाउने प्रयत्न नाटकमा गरिएको छ। नाटकमा सकिना, कीर्ती, जब्बु, सर्जिला, दिया, योगेश, एलेक्स, आयुश, अडिन, कृष्णा, रोनिक महर्जन, निर्देश केसी र लुमन्ती डंगोलले अभिनय गरेका थिए। राजेश थापाको संगीत रहेको नाटकको परिकल्पना निर्देशक श्रेष्ठले नै गरेका थिए।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ